प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंकद्वारा “Topup / Fonepay Direct गरौं, बम्पर उपहार जितौं !” अभियान सुरू

*चैत्र ३, २०८१, काठमाडौं,*

सिद्धार्थ बैंकले एफ १ सफ्ट र फोनपे सँगको सहकार्यमा "**Topup / Fonepay Direct** गरौं, बम्पर उपहार जितौं ! नयाँ अभियान सार्वजनिक गरेको छ । यस अभियान अन्तर्गत ग्राहकहरूले आकर्षक उपहारहरू जित्ने अवसर पाउनु हुनेछ, जसमा बम्पर उपहार **iPhone 16** रहेको छ ।

यस अभियानले ग्राहकहरूलाई **Siddhartha BankSmart XP** मोबाइल बैंकिङ एप मार्फत डिजिटल कारोबार गर्न प्रोत्साहित गर्नेछ । मोबाइल टपअप र **Fonepay Direct** कारोबारलाई प्रवर्द्धन गर्दै, बैंकले डिजिटल बैंकिङ सेवालाई अझ सहज, सुरक्षित र पहुँचयुक्त बनाउने लक्ष्य राखेको छ ।

अभियानमा सहभागी हुनका लागि ग्राहकहरूले कम्तीमा रु १०० को मोबाइल टपअप र रु ५०० को **Fonepay Direct** कारोबार अभियान अवधिभित्र पूरा गर्नुपर्नेछ । यस प्रक्रियालाई पूरा गरेपछि, ग्राहकहरू साप्ताहिक तथा बम्पर उपहारका लागि स्वत: योग्य हुनेछन् ।

यस अभियान अन्तर्गत, प्रत्येक हप्ता १०० जना भाग्यशाली विजेताहरूले रु। १०० को मोबाइल टपअप जित्न सक्नुहुनेछ । साथै, अभियान समाप्त भएपछि एक जना भाग्यशाली विजेताले नयाँ **iPhone 16** जित्ने अवसर प्राप्त गर्नेछन् ।  यो अभियान २०८१ चैत्र १ देखि चैत्र ३१ सम्म सञ्चालन हुनेछ । सिद्धार्थ बैंकले आफ्ना ग्राहकहरूलाई डिजिटल कारोबारमा सहभागी भई यो सुनौलो अवसरको फाइदा लिन आग्रह गर्दछ ।

यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्रहक सेवा केन्द्र, ‘सिद्धार्थ केयर’ मा निम्न माध्यमहरु मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।

फोन: ०१ ५९७००२०
ईमेल: customercare@sbl.com.np

बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने क्रममा केहि समय अघि मात्रै ‘सिद्धार्थ रिवार्डस’ नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको छ ।